# राष्ट्रिय बीमा कम्पनी लिमिटेड
# RASTRIYA BEEMA COMPANY LIMITED

(नेपाल सरकारको स्वामित्व प्राप्त)
प्रधान कार्यालय रामशाहपथ, काठमाडौं
E-mail: info@rbcl.com.np, Website: www.rbcl.com.np

फोन नं : ०१-४२५८८६६
फ्याक्स : ०१-४२५८७२१
पोष्ट बक्स नं. : २३८३७


च.नं./Ref.२०७९/८०/ २८

मिति: २०८०।०१।२१

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड

भद्रकाली, काठमाडौं ।

**विषय : राष्ट्रिय बीमा कम्पनी (साविकको राष्ट्रिय बीमा संस्थान, निर्जीवन बीमा विभाग) को ३१ औं र राष्ट्रिय बीमा कम्पनीको प्रथम बार्षिक साधारण सभा सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस कम्पनीको सञ्चालक समितिको मिति २०८० बैशाख २१ गते बसेको ३२० औं बैठकको निर्णय नं. ८४१ बमोजिम यस राष्ट्रिय बीमा कम्पनी लिमिटेड (साबिकको राष्ट्रिय बीमा संस्थान, निर्जीवन बीमा विभाग आ.व. २०६८/६९, आ.व २०६९/७० र आ.व. २०७०/७१ सम्म गरी ३ वर्षको र राष्ट्रिय बीमा कम्पनी लिमिटेडको आ.व. २०७०/७१, आ.व २०७१/७२ र आ.व. २०७२/७३ सम्म गरी ३ वर्षको गरि जम्मा ६ बर्षको वित्तिय विवरण स्वीकृत गर्ने कार्यक्रम सहित मिति २०८०।०२।३१ गते बुधबार (तदनुसार जुन १४, २०२३) बिहान ११.०० बजे काठमाण्डौंमा वार्षिक साधारण सभा गर्ने निर्णय गरेको व्यहोरा तहांको जानकारीका लागि अनुरोध छ । यस सम्बन्धमा विस्तृत बिषय सुची र विवरण यसै साथ संलग्न गरिएको छ ।

**तपशिल**

मिति: २०८० साल जेठ ३१, बुधबार
समय: अपरान्ह ११:०० बजे
स्थान: काठमाण्डौं

.....................
डा. सृजना पन्त
कम्पनी सचिव

संलग्न : उपरोक्त अनुसार

# राष्ट्रिय बीमा कम्पनी लिमिटेड
# (साविक राष्ट्रिय बीमा संस्थान, निर्जीवन बीमा बिभाग) को
# ३१औं वार्षिक साधारण सभा
# र
# राष्ट्रिय बीमा कम्पनी लिमिटेडको प्रथम वार्षिक साधारण सभा

**शेयरधनी महानुभावहरु,**

राष्ट्रिय बीमा कम्पनी लिमिटेडको मिति २०८०।०१।२१ गते विहिवारका दिन बसेको सञ्चालक समितिको ३२० औं बैंठकको निर्णयानुसार राष्ट्रिय बीमा कम्पनी लिमिटेड (साविक राष्ट्रिय बीमा संस्थान, निर्जीवन बीमा बिभाग) को ३१औं बार्षिक साधारण सभा र राष्ट्रिय बीमा कम्पनी लिमिटेडको प्रथम बार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

मिति: २०८० साल जेठ ३१, बुधबार

समय: अपरान्ह ११:०० बजे

स्थान: काठमाण्डौ

**छलफलका विषयसूची :**

**(क) सामान्य प्रस्ताव :**

(१)संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने राष्ट्रिय बीमा कम्पनी लिमिटेड साबिकको राष्ट्रिय बीमा संस्थान, निर्जीवन बीमा विभाग) आर्थिक बर्ष २०६८/६९, आर्थिक बर्ष २०६९/७० र आर्थिक बर्ष २०७०/७१ सम्म गरी ३ वर्षको र राष्ट्रिय बीमा कम्पनी लिमिटेडको आर्थिक बर्ष २०७०/७१, आर्थिक बर्ष २०७१/७२ र आर्थिक बर्ष २०७२/७३ सम्म गरी ३ वर्षको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) राष्ट्रिय बीमा कम्पनी लिमिटेड (साबिकको राष्ट्रिय बीमा संस्थान, निर्जीवन बीमा विभाग आर्थिक बर्ष २०६८/६९, आर्थिक बर्ष २०६९/७० र आर्थिक बर्ष २०७०/७१ सम्म गरी ३ वर्षको र राष्ट्रिय बीमा कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७०/७१, आर्थिक बर्ष २०७१/७२ र आर्थिक बर्ष २०७२/७३ सम्म गरी ३ वर्षको लेखापरीक्षकको प्रतिवेदन सहितको असार मसान्तको वासलात, सोही मितिमा समाप्त नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू माथि छलफल गरी पारित गर्ने ।

(३) महालेखापरीक्षक कार्यालयको परामर्श बमोजिम सञ्चालक समितिबाट नियुक्त लेखापरीक्षकको आर्थिक वर्ष २०६८।६९ देखि २०७२/७३ सम्मको नियुक्ति एवम पारिश्रमिक अनुमोदन गर्ने ।

(४) सञ्चालकहरुको आर्थिक बर्ष २०७२।७३ सम्मको भत्ता एवं सुविधाहरु अनुमोदन र सोलाई निरन्तरता गर्ने ।
(५) सर्वसाधारण शेयरधनीहरुमध्येबाट एक जना सञ्चालक चयनको लागि निर्वाचन गर्ने ।
(६) विविध ।

**साधारण सभा सम्बन्धि थप जानकारी :**

(१) साधारण सभा प्रयोजनको लागि मिति २०८०।०२।१६ गते देखि मिति २०८०।०२।३१ गतेसम्म राष्ट्रिय बीमा कम्पनीको शेयर दर्ता किताव बन्द रहने छ । मिति २०८०।०२।१५ गतेसम्म धितोपत्र विनियम बजारमा भएको शेयर कारोवारको दाखिला खारेजको लागि ७ कार्य दिनभित्र कम्पनीको शेयर रजिष्ट्रार NIBL Ace Capital Markets Ltd. लाजिम्पाट स्थित कार्यालयमा प्राप्त शेयर नामसारीका आधारमा शेयर धनीमा कायम शेयरधनी महानुभावहरुले साधारण सभामा भाग लिन पाउनुहुनेछ ।

(२) सम्पूर्ण शेयरधनी महानुभावहरुलाई राष्ट्रिय बीमा कम्पनीको शेयर लगत अनुसारको ठेगानामा वार्षिक प्रतिवेदन र प्रवेशपत्र पठाइने छ । कुनै कारणवश प्राप्त नभएमा यसै सूचनालाई आधार मानी साधारण सभामा उपस्थितिको लागि अनुरोध छ ।

(३) साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले अनिवार्य रुपमा शेयर प्रमाणपत्र वा शेयरधनीको परिचय खुल्ने आधिकारीक प्रमाण (नागरिकता, सवारी चालक अनुमतीपत्र वा कार्यरत कार्यालयको परिचयपत्र) साथमा लिई आउनु पर्नेछ ।

(४) प्रतिनिधि (प्रोक्सी) मार्फत साधारण सभामा उपस्थिति जनाउन चाहने शेयरधनी महानुभावहरुले साधारण सभा हुने मिति भन्दा कम्तीमा ४८ घण्टा अगावै राष्ट्रिय बीमा कम्पनीको शेयर रजिष्ट्रार NIBL Ace Capital Markets Ltd. लाजिम्पाट, काठमाडौं स्थित कार्यालयमा कार्यालय समय भित्रै प्रतिनिधि (प्रोक्सी) पत्र दर्ता गराई सक्नु पर्नेछ ।

(५) प्रतिनिधि (प्रोक्सी) का रुपमा नियुक्त हुने व्यक्ति राष्ट्रिय बीमा कम्पनी लिमिटेडको शेयरधनी हुनुपर्नेछ । तोकिएको मिति र समयमा वस्ने साधारण सभाका लागि भनि तोकिए बमोजिमको ढांचामा प्रतिनिधि नियुक्त गरेको हुनुपर्नेछ ।

(६) एकजना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनिले आफूले अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले साधारण सभामा भाग लिन पाउनेछ । यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ ।

(७) नाबालक तथा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीको हकमा शेयर लगत किताव अनुसार संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछ ।

(८) साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा राखिएको उपस्थिति पुस्तिकामा अनिवार्य रुपमा हाजिरी जनाउनु पर्नेछ । उपस्थिति पुस्तिका साधारण सभा हुने दिन दिउँसो १०:०० बजे देखि खुल्ला रहनेछ । तोकिएको समयमा उपस्थिति पुस्तिकामा हाजिर नभएका शेयरधनी महानुभावहरुले साधारण सभामा सहभागी हुन पाउने छैनन् ।

(९) अध्यक्षले तोकेको समयमा शेयरधनी महानुभावहरुले सभामा आफ्नो मन्तव्य राख्न पाउने छन् । शेयरधनी महानुभावहरुले राखेको टिप्पणी उपर अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले जवाफ दिनु हुनेछ ।

(१०) सुरक्षाको अवस्थालाई मध्यनजर गर्दै साधारण सभा स्थलमा कुनैपनि प्रकारको झोला, पोका लगायत बस्तुहरु ल्याउन पाइने छैन । साधारण सभाको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले साधारण सभामा उपस्थित हुने महानुभावहरुको सुरक्षा जांचको कार्य गर्ने भएको हुँदा सो कार्यमा सहयोग गरि दिनुहुन अनुरोध गरिन्छ ।

(११) साधारण सभा सम्बन्धि थप जानकारीका लागि राष्ट्रिय बीमा कम्पनी लिमिटेडको प्रधान कार्यालय वा कम्पनीको सूचनापाटी तथा कम्पनीको शेयर रजिष्ट्रार NIBL Ace Capital Markets Ltd. लाजिम्पाट स्थित कार्यालयबाट जानकारी लिनु हुन अनुरोध छ । सो सम्बन्धि सूचना तथा प्रतिवेदन कम्पनीको वेव साईट www.rbcl.gov.np बाट पनि हेर्न तथा प्राप्त गर्न सकिनेछ ।

(१२) साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको कार्यालय, सञ्चालक समिति सचिवालयमा सम्पर्क राख्न सकिनेछ ।

(१३) कम्पनीको सञ्चालक पदको निर्वाचन सम्बन्धी सम्पूर्ण सूचना एवं जानकारीहरू रामशाहपथ, काठमाडौं स्थित कम्पनीको प्रधान कार्यालयमा अवस्थित निर्वाचन अधिकृतको कार्यालयको सूचना पाटी तथा कम्पनीको वेभसाइटमा राखिनेछ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**
**राष्ट्रिय बीमा कम्पनी लिमिटेड**

श्री सञ्चालक समिति
राष्ट्रिय बीमा कम्पनी लिमिटेड
रामशाहपथ, काठमाण्डौ ।

विषय: प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

............................ जिल्ला .................. महानगर/उपमहानगर/नगर/गाउँ पालिका वडा नं. ........... बस्ने म/ हामी ............................ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले वि.सं. २०८० साल जेठ ३१ गते बुधवारका दिन हुने (साविक राष्ट्रिय बीमा संस्थान, निर्जीवन बीमा बिभाग) को ३१ औं वार्षिक साधारण सभा र राष्ट्रिय बीमा कम्पनी लिमिटेडको प्रथम वार्षिक साधारण सभामा स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन/निर्वाचनमा भाग लिन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि ................................... जिल्ला .......................... महानगर/उपमहानगर/नगर/गाउँ पालिका वडा नं. .......... बस्ने त्यस राष्ट्रिय बीमा कम्पनी लिमिटेडका शेयरधनी श्री ......................................................., शेयरधनी परिचय नं./हितग्राही खाता (BOID) नं. ......................................... लाई मेरो/ हाम्रो प्रतिनिधि मनोनित गरि पठाएको छु/छौं ।

प्रतिनिधिको:
दस्तखत:

नाम:
ठेगाना:
शेयरधनी परिचय नं.
हितग्राही खाता (BOID) नं.:
शेयर संख्या:
मिति: २०८०।०२। ....

निवेदकको,
दस्तखत:

नाम:

द्रष्टव्य: यो निवेदन साधारण सभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको शेयर रजिष्ट्रार NIBL Capital Markets Ltd. लाजिम्पाट स्थित कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

राष्ट्रिय बीमा कम्पनी लिमिटेडको मिति २०८० साल जेष्ठ ३१ गते बुधवारका दिन हुने (साविक राष्ट्रिय बीमा संस्थान, निर्जीवन बीमा बिभाग) को ३१ औं वार्षिक साधारण सभा र राष्ट्रिय बीमा कम्पनी लिमिटेडको प्रथम वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको

## प्रवेश-पत्र

शेयरधनीको नाम: श्री ............................................ शेयर प्रमाणपत्र नं. ......................

शेयरधनीको दस्तखत: ............................................ जम्मा शेयर संख्या: ......................

कम्पनी सचिव
राष्ट्रिय बीमा कम्पनी लिमिटेड